नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रशासन शाखा

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

प.सं.:१.१/प्र/२०७८/७९/१(१)/२०
च.नं.: ८६

मितिः२०७८।०४।२१

**विषयः नापी अधिकृत वा सो सरहका कर्मचारीहरूका लागि सेवाकालिन तालीम सम्बन्धमा।**

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको प.सं. २०७८।७९ च.नं. ५० मिति २०७८।०४।१५ को पत्र मार्फत आ.व. २०७८।७९ मा संचालन हुने राजपत्रांकित तृतीय श्रेणी नापी अधिकृत वा सो सरहका कर्मचारीहरूका लागि मिति २०७८ भाद्र १ गते देखि संचालन हुने ३० कार्यदिने Professional Course on Geomatics and Land Administration विषयक सेवाकालिन तालीममा मनोनयनको लागि लेखि आएको हुँदा ईच्छुक राजपत्रांकित तृतीय श्रेणी नापी अधिकृत वा सरहका कर्मचारीहरूले कार्यालयको सिफारिस पत्र सहित यस मन्त्रालयको प्रशासन शाखामा मिति २०७८।०४।२६ गते भित्र सम्पर्क गर्नुहुन आदेशानुसार अनुरोध छ। साथै, उल्लेखित सिटसंख्या भन्दा बढी फाराम प्राप्त हुन आएमा जेष्ठताको आधारमा मनोनयन गरिने व्यहोरा समेत अनुरोध छ।

२०७८।०४।२१

(संजिब नेपाल)
शाखा अधिकृत

प्र.म 953
8196

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

टेलिफोन नं. ०११-४१५०५५
फ्याक्स नं. ०११-४१५०७८

प.सं. :- २०७८।०७९ प्रशिक्षण शाखा मितिः२०७८।०४।१५
च.नं. :- ४०

श्री भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

श्री सहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

श्री नापी विभाग,
मिनभवन, काठमाडौं।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
दर्ता नं.: २५५
मितिः 2078/4/16

विषयः- नापी अधिकृत वा सो सरहका कर्मचारीहरुका लागि सेवाकालिन तालीम सम्बन्धमा।

प्रस्तुत विषयमा यस केन्द्रको चालू आ.व. २०७८।७९ को स्विकृत वार्षिक कार्यक्रमानुसार नेपाल ईञ्जिनियरिङ सेवा सर्भे समूहमा कार्यरत राजपत्रांकित तृतीय श्रेणीका नापी अधिकृत वा सो सरहका कर्मचारीहरुका लागि २०७८ भाद्र १ गते देखि संचालन हुने ३० कार्यदिने Professional course on Geomatics and Land Administration सम्बन्धी सेवाकालिन तालीम कार्यक्रममा तहाँ मन्त्रालय/विभाग वा अन्तर्गत कार्यरत ईच्छुक कर्मचारीहरुको मनोनयन गरी यस केन्द्रमा मिति २०७८ श्रावण २७ गते सम्म यस केन्द्रमा पठाउने व्यवस्था गरिदिनुहन निर्णयानुसार अनुरोध छ।

(रमेश ज्ञवाली)
निर्देशक

8196